

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २१२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन २९ गते मंगलबार ❑ 13 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## यूवा दिवसको अवसरमा एमाले कास्कीद्धारा छ युवा सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २८ साउन

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा नेकपा (एमाले) कास्कीले विभिन्न क्षेत्रका छजना युवालाई सम्मान गरेको छ । पोखरामा सोमबार आयोजित एक कार्यक्रममा गायन, स्वास्थ्य, शिक्षा, खेलकुद र कानुन क्षेत्रका छजनालाई सम्मान गरिएको हो ।

सम्मानित हुनेमा नेपाल आइडलका विजेता करण परियार, फर्स्ट रनरअप सलोमी गुरूङ, राष्ट्रिय भलिबल टोलीकी कप्तान अरूणा शाही, डा विकास गौचन, प्राध्यापक सुष्मा रञ्जित र अधिवक्ता कुञ्जनी परियार प्यासी रहनुभएको छ ।

सम्मानितमध्ये करण बर्दियाका हुनुहुन्छ भने बाँकी पाँच जना कास्कीसहित गण्डकी प्रदेशको भूगोलमै जन्मेहुर्केर यहीँ क्रियाशील हुनुहुन्छ । युवालाई उत्प्रेरित गर्नुपर्छ भन्ने उद्देश्यका साथ उहाँहरूलाई सम्मान गरिएको कार्यक्रम संयोजक तथा एमाले जिल्ला कमिटी सचिव दर्शन लामाले बताउनुभयो ।

उहाँहरूलाई गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारी, पार्टी स्थायी कमिटी सदस्य तथा गण्डकी इन्चार्ज किरण गुरुङ, पार्टी जिल्ला इन्चार्ज कृष्णबहादुर थापा, अध्यक्ष बैनबहादुर अधिकारी, नेपाली कांग्रेस कास्कीका सचिव भानु ढकाल, नेकपा (एकीकृत समाजवादी)का जिल्ला उपाध्यक्ष




पूर्ण लामालगायतले सम्मान गर्नुभएको थियो ।

सम्मानितमध्ये मुस्ताङमा जन्मिएका डा. विकास गौचन २०७७ साल पुसदेखि गण्डकी प्रदेश सरकार मातहतको संक्रामक तथा सरुवा रोग अस्पतालको कार्यकारी निर्देशक छन् । कोभिड-१९ महामारीको समयमा पाँच वर्षका लागि उनी उक्त अस्पतालको जिम्मेवारीमा आएका थिए । सन् २००९ मा बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट एमबीबीएस उत्तीर्ण गरेका गौचनले अछामको बयलपाटा अस्पतालमा मेडिकल डाइरेक्टर भएर करिब ९ वर्ष काम गरेका छन् । डाक्टर गौचन प्राइभेट प्राक्टिस नगर्ने डाक्टरहरूमध्ये एक हुन् ।

नेपाल आइडलको फस्ट रनरअप सलोमी गुरूङको जन्म घर लमजुङको क्व्होलासोथार गाउँपालिका ७, कुमलुङ भएपनि उनको बाल्यकाल पोखरामै बित्यो । पोखरा चाउथे बस्ने सलोमी संगीतको कुनै औपचारिक कक्षाबिनै नेपाल आइडलको स्टेजसम्म पुगेकी थिइन् । नेपाल आइडलमा सहभागी हुनुअघि उनी पोखराकै एउटा मन्टेश्वरीमा पढाउँथिन् । संगीत क्षेत्रमा लागिरहन ऊर्जा मिलोस् भन्ने उद्देश्यले उनलाई सम्मान गरेर हौसला थपेको सचिव लामाले जानकारी दिए ।

म्याग्दी घर भएकी अरुणा शाही २०७६ सालबाट राष्ट्रिय महिला भलिबल टोलीको कप्तान छिन् । उनको भलिबल यात्राको टर्निङ पोइन्ट भने पोखरा हो । पोखराकै ज्ञानुबाबा स्कुलले उनमा भलिबलको सम्भावना देखेर पोखरा ल्याएको थियो । गण्डकी प्रदेश भलिबलको उर्बर भूमि भएको र खेलाडीलाई सम्मान गरेर हौसला थप्ने उद्देश्यले अरूणालाई सम्मान गरिएको हो ।

अधिवक्ता कुञ्जनी परियार 'प्यासी' महिला र दलित समुदायको अधिकार स्थापित गर्न संघर्षरत छिन् । नागरिकता नहुँदा बाल्यकालमा पढ्न नै संघर्ष व्यहोरेकी कुञ्जनीलाई उनको संघर्ष र हिम्मतको कदर गरेर सम्मान गरिएको हो । जाजरकोटका नवराज विकसहित ६ जनालाई लखेटी-लखेटी हत्या गरिएको घटनाका बारेमा उहाँले वाकलतमार्फत पीडितलाई न्याय दिलाउन सफल भएकी थिइन् । त्यसबाहेक पोखराकै एक वडाअध्यक्षले एउटी महिला वडा सदस्यमाथि गरेको विभेदविरुद्ध न्याय दिलाउन उनी सक्रिय थिइन् ।

शुष्मा रञ्जित इन्टरनेसनल स्कुल अफ म्यानेजमेन्ट एण्ड टेक्नोलोजी क्याम्पस कोओर्डिनेटर हुन् । पोखरा विश्वविद्यालयबाट सन् २०१६ मा एमबीए उत्तीर्ण गरेकी रञ्जितले प्रारम्भिकदेखि उच्च शिक्षसम्म पोखरामै अध्ययन गरिन् । पोखरा रानीपौवा निवासी रञ्जितलाई पोखरामै हुर्किएर, पोखरामै आफ्नो सीप शैक्षिक क्षेत्रमा खर्च गरिरहेकोमा त्यसको कदर गर्दै सम्मान गरिएको हो ।

कार्यक्रममा निवर्तमान मुख्यमन्त्री अधिकारीले आफ्नो युवावस्थाको राजनीतिक गतिविधि सम्झिए । गण्डकी विश्वविद्यालयका डिन कपिल अधिकारीले युवा र विज्ञान विषयमा, सीए दीपक भुर्तेलले पोखराको विकासको सम्भावना, अधिवक्ता कुञ्जनी परियारले आफ्नो न्यायिक यात्रामा केन्द्रीत भएर धारणा राखेका थिए ।

## दलहरू नेपाली जनताको चाहना विपरीत चल्नुहुँदैनः अध्यक्ष लिङ्देन

**पोखरापत्र संवाददाता**
पोखरा, २८ साउन

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले राजनीतिक दलहरू नेपाली जनताको चाहना विपरीत चल्न नहुने बताउनुभएको छ ।

केदारेश्वर महादेवमणि सेवा आश्रम पोखराद्वारा सोमबार मन्दिर परिसरमा आयोजित बोलबम पदयात्रापछिको धार्मिकसभालाई सम्बोधन गर्नुहुँदै उहाँले राजनीतिक दर्शनभन्दा देश र धर्म ठूलो भएकाले दलहरूले सोहीअनुसार काम गर्नुपर्ने बताउनुभयो ।



पछिल्लो समय हिन्दूराष्ट्र कायम हुनुपर्छ भन्ने माग उठिरहेका बेला ठूला राजनीतिक दलहरूले सोच्नुपर्ने बेला आएको उहाँको भनाइ थियो । यसअघि पोखरा-१ स्थित सेती नदी किनार गाईघाटबाट सुरू भएको बोलबम पैदलयात्रा बगर, नदीपुर, महेन्द्रपुल, पृथ्वीचोक, सिमलचौर, रत्नचोक हुँदै केदारेश्वर महादेवमणि मन्दिर परिसरमा पुगेर धार्मिकसभामा परिणत भएको थियो ।

## 'डुलवा' टोली भारतको कन्याकुमारीमा, पोखराको पर्यटन प्रवर्द्धनमा टेवा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ साउन

पोखराको पर्यटन प्रवर्द्धनका लागि भारत भ्रमणमा रहेको 'डुलुवा' टोली कन्याकुमारी पुगेको छ ।

पोखराको 'डुलुवा' टोली पर्यटन प्रवर्द्धन गर्न एक महिने भारत भ्रमणका लागि साउन १७ मा पोखराबाट प्रस्तान गरेको थियो । उनीहरु कास्कीकोटको कालिका मन्दिरमा पुजा गरेर हिडेको टोली कन्याकुमारीमा पुगेको छ । उनीहरुले विहार प्रदेश, पश्चिमा बंगाल, भारखण्ड, उडीसा, तामील नाडु प्रदेशको यात्रा




गर्दै कन्याकुमारी पुगको टोलीका सदस्य ठाकुर बरालले जानकारी दिए । उनीहरुल अहिले सम्म ४५ सय किलोमिटरका यात्रा पुरा गरीसकेका छन् । उनीहरु केटुकेको यात्रा पुरागरी केरला, गोवा, मुम्बइ, दिल्ली, जयपुर, गोरखपुर, सुनोली हुदै पोखरा फर्किने बरालले बताए ।

भ्रमणका क्रममा स्थानीय जिवनशैली, रितिरिवाज, पर्यटन व्यवसायी सगँ छलफल गरेको टोलीका संयोजक योगश भट्टराईले जानकारी दिए । उनले भ्रमणले


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## गाडीमा कोचिएरै यात्रा, ट्राफिक छल्छन् चालक

**रासस**
पोखरा, २८ साउन

पोखरादेखितनहुँकोदमौलीलगायत छोटो दूरीका गन्तव्यमा दैनिक सयौँ गाडी ओहोरदोहोर गर्छन् ।

प्रदेश राजधानीमा बढ्दो जनघनत्वको तुलनामा सार्वजनिक यातायातको गुणस्तर भने सुधार हुन सकेको छैन । सर्वसाधारण यात्रु थोत्रा गाडीमा कोचिएरै यात्रा गर्न बाध्य छन् । पर्यटकीय राजधानीसमेत रहेको पोखरामा २० वर्ष नाघेका सवारी साधन निर्वाध चलिरहेका भेटिन्छन् ।

यान्त्रिक अवस्था ठीक नभएका (थोत्रा) सवारी साधन सडकमा गुड्दा प्रदूषण, दुर्घटनाको जोखिम बढ्नाका साथै ट्राफिक व्यवस्थापनमा चुनौती थपिएको छ । बिहान र बेलुका कार्यालय छुट्ने समयमा पोखराको सार्वजनिक यातायात अस्तव्यस्त देखिन्छ । घुमफिर, किनेमेल आदिका लागि पोखरा आएका सर्वसाधारण पनि साँझ गाडीमा कोचाकोच गरेर घर फर्कनुपर्ने अवस्था छ । बागलुङ बसपार्कदेखि दमौलीका लागि छुट्ने बस पृथ्वीचोकसम्म पुग्दा यात्रु खचाखच भइसकेका हुन्छन् ।

बसका चालकले भने यात्रु चढाउन छोड्दैनन् । बसमा सिट नभए पनि ठाउँठाउँमा रोक्दै यात्रु डाकिरहेका हुन्छन् । ट्राफिक प्रहरी भेटिँदा बसको ढोका बन्द गर्छन् । उभिएका यात्रुलाई भुइँतिर निहुरिएर बस्न अऱ्याउँछन् । अर्को विकल्प नभए पनि यात्रु पनि घर जाने हतारले गाडीमा उभिन तयार हुन्छन् । यात्रु चढ्न र झर्न पनि मुस्किल हुनेगरी बसले यात्रु ओसारिरहन्छन् । कोचाकोच हुनेगरी यात्रु नचढाउन गरेको आग्रहलाई चालक र सहचालकले टेर्दैनन् । उल्टै नमीठो जवाफ फर्काउँछन् । दिउँसोको समयमा कम यात्रु लिएर हिँड्नु परेकाले साँझ-बिहान सिट सङ्ख्याभन्दा बढी यात्रु चढाउनुपर्ने बाध्यता रहेको उनीहरू सुनाउँछन् । ट्राफिक प्रहरीले बेवास्ता गर्ने भएकाले चालकलाई नियम मिच्न पनि सजिलो छ । दमौलीका लागि छुट्ने बसले अधिकांश स्थानीय यात्रुलाई सेवा दिँदै आएको पोखरा-दमौली चल्ने बसका सहचालक दीपक परियारले बताउनुभयो । दमौली जाने बसमा पोखराकै चलाउँथे, विजयपुर, अर्घौं, तालचोक, भण्डारढिक, गगनगौँडालगायत ठाउँमा पुग्ने यात्रुलाई सेवा दिँदै आएको उहाँको भनाइ छ । पोखरा-मुग्लिन राजमार्ग विस्तार तथा स्तरोन्नतिमा भइरहेको ढिलाइले पनि सो क्षेत्रको आवातजावात कठिनाइपूर्ण रहेको उहाँले बताउनुभयो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका वरिष्ठ हबल्दार आशिष क्षेत्रीले कुनै पनि सवारी साधनले सिट सङ्ख्याभन्दा बढी यात्रु बोक्न नपाइने बताउनुभयो । पोखरा-दमौली, पोखरा-बेगनासलगायतका रुटमा चल्ने सवारी साधनले क्षमताभन्दा बढी यात्रु बोक्ने गरेको गुनासो आइरहेकाले ट्राफिक अनुगमनलाई कडाइ गरिने उहाँको भनाइ छ । "लामो दूरीका गाडीमा त यो समस्या छैन", उहाँले भन्नुभयो, "पोखरा महानगर र बाहिरका नजिकका गन्तव्यसम्मको सार्वजनिक यातायातमा देखिएको समस्या समाधानका लागि सबै पक्ष जिम्मेवार हुनुपर्छ ।" स्थानीय रुटमा चल्ने सवारी साधनले विशेष समय र परिस्थितिमा एक/दुई यात्रुलाई उभ्याएर यात्रा गराउँदा ट्राफिक प्रहरीले व्यवहारिता हेर्ने गरेको वरिष्ठ हबल्दार क्षेत्रीले बताउनुभयो । "खचाखच यात्रु उभिएरै यात्रा गरेको अवस्थामा ट्राफिक प्रहरीले कारबाही गर्छ", उहाँले भन्नुभयो, "ट्राफिक व्यवस्थापन र अनुगमनलाई अझ चुस्त पार्छौँ ।" उहाँले ट्राफिक प्रहरीको आँखा छलेर ट्राफिक नियम उल्लङ्घन नगर्न यातायात व्यवसायी र सवारी चालकहरूलाई आग्रह गर्नुभयो । तोकिएको सिट सङ्ख्याभन्दा बढी यात्रु बोक्दा गाडी दुर्घटनाको जोखिम बढी हुने उहाँको भनाइ छ । पोखरा-मुग्लिन सडक निर्माणको चरणमा रहेकाले उक्त सडकमा बढी यात्रु बोकेर सवारी साधन गुडाउँदा यात्रा कष्टकर हुने र दुर्घटनाको खतरा रहने ट्राफिक प्रहरीको भनाइ छ । जिल्ला ट्राफिक कार्यालयका प्रमुख प्रहरी निरीक्षक भानु शर्माले यान्त्रिक धेरै पुराना र प्रदूषणयुक्त सवारी साधन सञ्चालनमा कडाइ गरिएको बताउनुभयो । यान्त्रिक हिसाबले सही अवस्थामा नरहेका धेरै पुराना सवारी साधन सञ्चालन गर्दा दुर्घटनाको जोखिम बढी हुने उहाँले उल्लेख गर्नुभयो । "पुराना सवारी साधनबाट वायु र ध्वनी प्रदूषण पनि बढी हुन्छ, सवारी व्यवस्थापनमा पनि असहजता ल्याउँछ", प्रहरी निरीक्षक शर्माले भन्नुभयो । गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयका अनुसार गण्डकी प्रदेशमा दर्ता भई २० वर्ष नाघेका झण्डै चार सय सवारी साधन छन् । प्रदेश सवारी तथा यातायात व्यवस्थापन ऐन २०७६ ले समेत २० वर्ष पुराना सवारी साधन सञ्चालनमा रोक लगाए पनि कतिपय सवारी धनीले अटेर गरी त्यस्ता सवारी साधन सञ्चालन गरिरहेको मन्त्रालयले जनाएको छ । बीस वर्ष पुराना सवारी साधन सञ्चालन गरेमा प्रदेशको सवारी तथा यातायात व्यवस्थापन ऐन २०७६ मा भएको व्यवस्थाअनुसार कारबाही हुने व्यवस्था छ । मन्त्रालयले २० वर्ष नाघेका सवारी साधनको लगतकट्टा गरी दर्ता खारेजीको प्रक्रियामा आउन सवारी धनीलाई अनुरोध गर्दै आएको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गीताञ्जली साहित्य परिवारले श्रष्टा सम्मान गर्दै

**पोखरापत्र संवाददाता**
पोखरा, २८ साउन

गीताञ्जली साहित्य परिवार पोखराले हरेक बर्ष झै यस बर्ष पनि तिन बिधाका साहित्यीक श्रष्टाहरुलाई सम्मान गर्ने भएको छ।

गीताञ्जली साहित्य रत्न पुरस्कार, रुक्मिणा नाराणदत्त (रुना) साहित्य पुरस्कार र तुलसी मुवा अहिल्या बाल प्रतिभा पुरस्कार गरि तिन बिधामा साहित्यकारहरुलाई सम्मान गरिने भएको गीताञ्जली साहित्य परिवार पोखराका अध्यक्ष भानु भण्डारी "क्षितीज" ले बताए। प्रतिभा छनौट प्रकृयाका लागि प्रा.डा. जगन्नाथ रेग्मी को संयोकत्वमा तिन सदस्यीय प्रतिभा छनौट उपसमिति गठन गरिएको थियो जस्को सदस्यहरुमा अक्षयकोष दाता मुक्तकमणि तिर्थ राज अधिकारी र संस्थाका अध्यक्ष भानु भण्डारी (क्षितीज) रहेका थिए। तिन सदस्यीय प्रतिभा छनौट उपसमितिले दिएको प्रतिवेदन कार्यसमितिबाट अनुमोदन गरि सार्वजनिक गरिएको हो। गीताञ्जली साहित्य रत्न पुरस्कार बाट पृथ्वीनारायण क्याम्पसका उपप्रध्यापक लघु कथाकार कल्याण पन्त लाई प्रदान गरिने भएको छ। उक्त पुरस्कारबाट यसअघि तेजनाथ घिमिरे, डा. जगमान गुरुङ, तारानाथ पाखे, डा. नारायणप्रसाद अधिकारी, रुद्रबहादुर थापा, प्रा.डा. कुसुमाकर न्यौपाने, प्रा.डा. जगन्नाथ रेग्मीलगायत सम्मानित भई सकेका छन्। संस्थाद्वारा सञ्चालित मुक्तक विधा केन्द्रित रुना साहित्य पुरस्कार असफल गौतमलाई अर्पण गरिने भएको छ। उक्त पुरस्कारबाट यस अघि रत्न शमशेर थापा, शंकर ज्ञवाली र लक्ष्मण थापा पुरस्कृत भइसकेका छन्। साहित्यका माध्यमबाट राष्ट्रियस्तरमा योगदान दिएका श्रष्टालाई प्रोत्साहित गरिने दुवै पुरस्कारको राशि २५ हजार नगद रहेको छ। गीताञ्जली साहित्य रत्न पुरस्कार संस्थाद्वारा स्थापित सञ्चालित पुरस्कार रहेको पुरस्कार हो। यस्तै, रूना साहित्य पुरस्कार संस्थाका सल्लाहकार मुक्तकमणि तीर्थराज अधिकारी परिवारद्वारा बाबा नारायणदत्त र आमा रूक्मिणाको स्मृतिमा स्थापित अक्षयकोषबाट सञ्चालित रहेको गीताञ्जली साहित्य परिवारका अध्यक्ष भानु भण्डारी क्षितिजले जानकारी दिए। अधिकारी परिवारले आफ्ना मातापिताको स्मृतीमा रु दुईलाख एक हजार रुपैयाको अक्षयकोष राखेका हुन भने सो अक्षयकोषको प्राप्त ब्याजबाट पुरस्कार बितरण गरिदै आएको छ। छनौट भएका साहित्यीक श्रष्टाहरुलाई भाद्र एक गते शनिवारका दिन सम्मान गर्ने कार्यक्रम रहेको संस्थाका सचिव नरेन्द्र रानाभाटले जानकारी दिए। साथै सोहि कार्यक्रममा मुक्तकमणि तिर्थराज अधिकारी द्धारा रचना गरिएको सारवत कृतिको बिमोचन गरिने जनाईएको छ।



केदारेश्वर मन्दिरमा भक्तजन : साउन महिनाको अन्तिम सोमबार पर्यटकीय राजधानी कास्कीको पोखरास्थित केदारेश्वर मन्दिरमा पूजाआराधना गर्न आएका भक्तजन। तस्बिरः राधिका कँडेल/रासस

# 'डुलुवा' ...

पर्यटकी राजधानी पोखराको पर्यटन प्रवर्द्धधनमा टेवा पुगेको विश्वास व्यक्त गरे।

नेपालको कास्कीकोट देखि भारतको कन्याकुमारी सम्मको भ्रमणलाई 'केटुके' नाम दिएर पर्यटन प्रवर्द्धनात्मकमा निस्किएको हो। भ्रमण अगष्ट १ देखि शुरु भएर २५ अगष्टमा पोखरा मानै आएर टुङ्गिने छ। टोली १९ जनाको छने भने ४ वटा गाडीमा उनीहरुले यात्रा गरीरहेका छन्। 'डुलुवा' अभियानको मुख्य उद्देश्य नेपालको प्राकृतिक र सांस्कृतिक सुन्दरताको प्रचार गर्दै भारतीय पर्यटकहरूलाई बढ्दो साहसिक पर्यटनका सम्भावनाबारे जानकारी गराउने संयोजक भट्टराईको भनाई छ। टोलीले हरेक सहरमा स्थानिय व्यवसायी र पत्रकारसँग छलफल तथा अर्न्तक्रिया गर्दै आगडी बढेको उनले बताए। नेपाली संस्कृतिमा प्रचलित 'डुलुवा'लाई युवालक्षित पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सन २००८ मा यो स्थापना भएको हो। 'डुलुवा' ले नेपालका ७० जिल्लाको भ्रमण गरिसकेको छ भने विदेशमा भारतको लेहलद्दाखसम्मको यात्रा गरिसेको छ।

# पोखरा २० भलाम-मौजामा सार्वजनिक सुनुवाइ

**पोखरापत्र संवाददाता**
पोखरा, २८ साउन

सुशासन, पारदर्शिता र जवाफदेहीताका लागि पोखरा २० भलाम-मौजाले सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ।

गत आर्थिक वर्ष २०८०/०८१ को योजना तथा कार्यक्रमको समिक्षा गर्दै यस चालु आर्थिक वर्ष २०८१/०८२ को योजना तथा कार्यक्रमको वडा नं. २० ले सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत सार्वजनिक गरिएको हो।

कार्यक्रममा वडा अध्यक्ष गंगा बहादुर खत्रीले वडाको विकासको लागि आफ्नो र वडाको तर्फबाट विकास निर्माणका काममा सधैं लागिरहने बताउनुभयो। कार्यक्रममा उपस्थित वडाबासीले चालु आर्थिक वर्षमा सडक, बत्ती, सुरक्षा, स्वास्थ्य, शिक्षा, सार्वजनिक जग्गा सुरक्षा लगायत विविध विषयमा जिज्ञासा राखेका थिए।

नागरिकबाट प्रस्तुत जिज्ञासाका बारेमा स्पष्ट पार्दै वडाअध्यक्ष गंगा बहादुर खत्रीले समग्र वडाको विकासको लागि वडाबासीको पनि उत्तिकै हात हुने हुँदा हामीहरु मिलेर नै वडालाई समृद्ध वडा बनाउन सकिने हुँदा विकास निर्माणका कार्यमा सबैको सहयोगको लागि अपिल समेत गर्नुभयो।

वडाअध्यक्ष खत्रीले वडा कार्यालय निर्माणका लागि टेण्डर प्रक्रिया सकेर पनि काम अगाडि बढिसकेको जानाकरी गराउनुभयो। आफ्नो टोलमा सरसफाई गर्न स्वयं टोलबासीको पनि जिम्मेवारी भएको बताउँदै खत्रीले यस आर्थिक वर्षमा वडाभित्र रहेका आमा समूह, टोल विकास संस्था, युवा क्लव लगायत सामाजिक संघसंस्थालाई अभिमुखीकरण गराएर मात्रै बजेट कार्यान्वयन गर्न अनुरोध गर्नुभयो।



वडाको विकासको लागि जनप्रतिनिधि, कर्मचारी र वडाबासी सबैको उत्तिकै महत्वपूर्ण भूमिका रहने बताउँदै सबैलाई एकजुट भएर लाग्न र विकासलाई राजनीतिसँग नजोड्न खत्रीले आग्रह गर्नुभयो। कार्यक्रममा वडासचिव हरिकृष्ण आचार्यले गत आर्थिक वर्षमा सम्पन्न भएका योजनाहरु वडाबाट सम्पादन भएका सेवा प्रवाह र विकास निर्मणको प्रगति प्रतिवेदन प्रस्तुत गर्दै आ.व.२०८०/०८१ मा वडा नं. २० मा वडास्तरीय बजेट १ करोड ५९ लाख १७ हजार, महानगरस्तरीय बजेट रु. २ करोड ५१ लाख र क्रमागत गत वर्षबाट सरेको रु. २ करोड ३ लाख ७२ हजार गरी कुल बजेट ६ करोड १३ लाख ८९ हजार भएको जानकारी दिनुभयो। जस अन्तर्गत महानगरको मात्रै ४ करोड ५४ लाख ७२ हजार रहेको छ। यस्तै वडाभित्र शिक्षातर्फ वडा अध्यक्षसँग बालबालिका कार्यक्रम, पढ्दै कमाउँदै कार्यक्रम, छात्रवृत्ति प्रदान, वडा बाल सञ्जाल गठन लगायतका कार्यक्रमहरु सम्पन्न भएका छन्। उक्त अवसरमा पर्यटन तथा संस्कृति संरक्षणका विभिन्न कार्यक्रमहरु, सामाजिक विकास तर्फका कार्यक्रमहरु, वडाको सेवालाई चुस्त दुरुस्त बनाउने एकद्वार प्रणाली मार्फत सेवा प्रवाह, नागरिक बडापत्र, गुनासो पेटिकाको व्यवस्था, जनप्रतिनिधि र कर्मचारीसहितको घरदैलो कार्यक्रमका विषयमा जानकारी दिइएको थियो। कार्यक्रमको सहजीकरण पब्लिक फोर के टेलिभजनले गरेको थियो भने संचालन सञ्चारकर्मी अमृत कुमार भट्टराईले गर्नुभएको थियो।


## पोखरा उद्योग वाणिज्य संघ
### गैह्रापाटन, पोखरा
### ७० औ वार्षिक अधिवेशन तथा ३५ औं महाधिवेशन सम्बन्धमा

**पोखरा उद्योग वाणिज्य संघ**को २०८१ साल श्रावण १५ गते बसेको २६ औं कार्यसमितिको बैठकको निर्णयानुसार यस संघको **७० औं वार्षिक अधिवेशन तथा ३५ औं महाधिवेशन** यही मिति २०८१ साल भाद्र २८ र २९ गते शुक्रबार र शनिबार हुने व्यहोरा सदस्य महानुभावहरूलाई सहर्ष जानकारी गराउन चाहन्छौं।

पोखरा उद्योग वाणिज्य संघको विधान २०६५ (पहिलो संशोधन २०७२) को परिच्छेद ५ (साधारण सभा, साधारण सभाको काम, कर्तव्य र अधिकार) धारा ५.१.५ अनुसार सदस्य महानुभावहरूको जानकारीका लागि निम्न मिति, स्थान, र समयमा हुने वार्षिक अधिवेशनसम्वन्धी यो सूचना जारी गरिएको छ। विधानको धारा ५.२ १ अनुसार अधिवेशन (साधारणा सभा) मा विचारार्थ प्रस्तुत गरिने कुनै प्रस्ताव भए साधारण सभा हुनुभन्दा १० दिन अगावै संघको सचिवालय पोखरा ४, गैह्रापाटनस्थित सचिवालयमा आइपुग्ने गरी पठाइदिनु हुन हार्दिक अनुरोध गर्दछौं।

**वार्षिक अधिवेशन कार्यक्रम :**

**मिति : २०८१ भाद्र २८ गते, शुक्रबार।**
**स्थान : पोउवासंघ सभाकक्ष।**
**१. प्रथम सत्र : समुद्घाटन समारोह समय : विहान १०:३० बजे।**
**२.दोस्रो सत्र : साधारण सभा समय : दिउसो १:३० बजे।**

**सभामा छलफल गर्ने विषयहरु :**

- महासचिवबाट वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल र पारित।
- कोषाध्यक्षबाट आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन प्रस्तुत, छलफल र पारित।
- कोषाध्यक्षबाट आ.व. २०८१/०८२ को अनुमानित आयव्यय प्रस्तुत, छलफल र पारित।
- प्रस्तावहरूबारे छलफल।
- विविध।

**मिति :२०८१ भाद्र २९ गते, शनिबार।**
**स्थान :पोउवासंघ सभाकक्ष।**
१.निर्वाचन कार्यक्रम समयः विहान ८: ०० बजेदेखि ५ बजेसम्म।
पुनश्च : निर्वाचन कार्यतालिकासम्बन्धी जानकारी निर्वाचन समितिको निर्णयपछि जानकारी गराइनेछ।

**बलराम आचार्य**
**महासचिव**



## विपत्तिबाट बचौं र बचाऔं


- विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
- बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
- विपत्तिमा परेकालाई उद्धार र पुनःस्थापनामा सहयोग गरौं,
- विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
- पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
- बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



## कपालको उपचार
### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
### के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
- शरिरको एक हर नचल्ने।
- मुख बाङ्गो भएको।
- खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको।
- हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। – गौतम बुद्ध

## सम्पादकीय

# भारतीय विदेश सचिवको म्याराथन भेटवार्ता

भारतीय विदेश सचिव विक्रम मिश्री नेपालका उच्च राजनीतिक नेतृत्वसँग 'म्याराथन' भेटवार्ता सकेर नयाँदिल्ली फर्किएका छन् । परराष्ट्र सचिव सेवा लम्सालको निमन्त्रणामा आइतबार विहान काठमाडौं ओर्लिएका मिश्राले प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर राजनीतिक भेट थालेका थिए । विदेश सचिव भएपछि पहिलोपटक नेपाल आएका मिश्री सोमबार दिउँसो नेपाल छोड्नुअघि फेरि सिंहदरबार पुगेर परराष्ट्रमन्त्री आरजु देउवा राणा र विदेश सचिव सेवा लम्सालसँग छुट्टा-छुट्टै भेटवार्ता गरे । नेपाल बसाइका क्रममा विदेश सचिव मिश्रीले राजनीतिक नेतृत्वसँग 'म्याराथन' भेटवार्ताहरु गरे । आइतबार नै राष्ट्रपति रामचन्द्र पौडेल, कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसंग छुट्टाछुट्टै भेटवार्ता गरेका थिए । सोमबार एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसंग भेटवार्ता गरेका थिए। आइतबार साँझ प्रमुख दलका दोस्रो तहका नेताहरुलाई भने रात्री भोजमा भेट गरेका थिए।

राजदूतसँगको डिनर भेटमा नेपाली कांग्रेसका महामन्त्री गगन थापा, प्रवक्ता डा. प्रकाशशरण महत, पूर्वउपसभापति विमलेन्द्र निधिलगायत, नेकपा एमालेबाट प्रधानमन्त्रीका प्रमुख सल्लाहकारसमेत रहेका उपमहासचिव विष्णु रिमाल, उपमहासचिव प्रदीप ज्ञवाली, स्थायी कमिटी सदस्य राजन भट्टराई लगायत पुगेका थिए । त्यस्तै नेकपा माओवादी केन्द्रबाट उपाध्यक्ष पम्फा भुसाल, उपमहासचिवहरु वर्षमान पुन र जनार्दन शर्मा, राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यबाहक प्रवक्ता मनिष झालगायतका नेताहरु होटल याक एण्ड यती पुगेका थिए । विदेश सचिव मिश्राले सोमबार भने सिंहदबारमा उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंह, अर्थमन्त्री विष्णु पौडेल, गृहमन्त्री रमेश लेखक ,उद्योगमन्त्री दामोदर भण्डारी लगायतलाई मन्त्रालयमै पुगेर भेटे ।

अनि परराष्ट्रमन्त्री र सचिवलाई भेटेर दिल्ली फर्किए। नेताहरुका अनुसार विदेश सचिव भएपछि पहिलो पटक नेपाल आएका मिश्रीको यो आफ्नो भ्रमण परिचय गराउने नै उद्देश्यले भएको देखिन्छ। 'विदेश सचिव भएपछि छिमेकी देशहरुलाई प्राथमिकतामा राखेर भ्रमण गर्ने परम्परा छ। यो भ्रमण पनि परिचयात्मक भ्रमण भएको भेटवार्ताले प्रष्ट पारेको छ । २००७ मा प्रणव मुखर्जी विदेशमन्त्रीका रुपमा नेपाल आएका बेला मिश्री भ्रमण टोलीमा रहेका थिए। सन् १९८९ मा भारतको विदेश मामिला सेवामा प्रवेश गरेका उनी लामो समय प्रधानमन्त्रीको सचिवालयमा रहेर काम गरेका उनले प्रधानमन्त्री आईके गुजराल, मनमोहन सिंह र नरेन्द्र मोदीको निजी सचिवका रुपमा काम गरेका छन् । युरोप, अफ्रिका, एसिया र उत्तर अमेरिकाका विभिन्न मिसनमा काम गरेका २०१९ जनवरीदेखि २०२१ डिसेम्बरसम्म भारतका लागि चीनका राजदूत थिए। यसपछि डेपुटी राष्ट्रिय सुरक्षा सल्लाहकार रहे, अनि विनयमोहन क्वात्राले अवकाश पाएपछि विदेश सचिव बने ।

विदेश सचिवका रुपमा भुटानपछि नेपाल आएका उनले नेताहरुलाई भेटेर आफ्नो परिचय मात्र गराएका छैनन्, नेपालको पछिल्लो राजनीतिक घटनाक्रमलाई समेत बुझ्ने कोशिस गरेका छन । खासगरी कांग्रेस र एमालेबीच १७ असारमा भएको नयाँ गठबन्धन भारतको संस्थापन पक्षका लागि अनपेक्षित थियो। माओवादी अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डले यो सरकार भारतले नचाहेको भनेर पार्टी बैठकमा राखेका थिए । यो भ्रमणमा उनले नेपालको राजनीति अब कसरी अगाडि बढ्छ भन्ने बुझ्ने प्रयास चाहिँ गरेका छन् । भारतीय विदेश सचिवको राजनीतिक भेटवार्ताले कति विदेश सचिवको शक्ति कति हुन्छ भन्ने देखाएको छ।संविधानसभाबाट संविधान जारी गर्ने बेलामा तत्कालीन विदेश सचिव एस जयशंकरले संविधान जारी नगर्न नेताहरूलाई दिएको दबाबले पनि बुझ्न सिकाएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार दुई देशको विदेश सचिवबीच भएको भेटका क्रममा ऊर्जा, डिजिटल कनेक्सन, कृषि, पर्यटन, व्यापार तथा पारवहन सहकार्यबारे छलफल भएको छ। 'दुई विदेश सचिव द्वीपक्षीय संयन्त्रहरुमार्फत सहकार्यलाई अझ घनिभूत बनाउन सहमत भएका छन्', मन्त्रालयको विज्ञप्तिमा भनिएको छ। भारतको विदेश मन्त्रालयले पनि सोमबार विज्ञप्ति जारी गरेर परराष्ट्र सचिव मिश्रीको नेपाल भ्रमणका क्रममा दुई पक्षीय सहयोगको सन्दर्भमा भएका प्रगति विवरणबारे समीक्षा भएको उल्लेख गरेको छ। 'कनेक्टिभिटीका भौतिक, डिजिटल र उर्जाका साथै नागरिक स्तरका द्विपक्षीय सहयोगमा पछिल्ला वर्षमा सन्तोषजनक प्रगति हासिल भएको दुवै पक्षले उल्लेख गरेका छन्', विज्ञप्तिमा भनिएको छ, 'सडक, पुल, एकीकृत जाँच चौकी, सीमा पार रेलवे र पेट्रोलियम पाइपलाइनसम्मबारे छलफल भएको छ।' दुवै पक्षले उर्जाको क्षेत्रमा सहकार्यका लागि भइरहेको प्रगतिप्रति प्रशंसा गरेका छन। दुई देशबीचको सम्बन्ध प्रगाढ बनाउन देखिएका समस्या हल गर्दै जानुपर्दछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : शुभ यात्रा | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# कोड फर चेन्ज र पोखरा इन्टरनेट बीच सहकार्य

**पोखरापत्र संवाददाता**
पोखरा, २८ साउन

पोखरा क्षेत्रका आईटी विद्यार्थीहरूको सीप र अवसरहरू वृद्धि गर्ने उद्धेश्यले कोड फर चेन्ज पोखरा र पोखरा इन्टरनेट प्रा. लि. बीच महत्वपूर्ण साझेदारी भएको छ। कोड फर चेन्ज पोखराका दर्शन केसी र पोखरा इन्टरनेटका बिस्नु बस्तोलाले उक्त समझदारी पत्रमा हस्ताक्षर गरेका छन् ।

गएको साउन २४ गते भएको समझदारी अनुसार विद्यार्थीहरूलाई आवश्यक सीपहरू सिक्न, सञ्जाल निर्माण गर्न, र भविष्यका करियरका लागि तयार हुन सहयोगी वातावरण प्रदान गर्नेछ। यस साझेदारीले आईटी विद्यार्थीहरूलाई ह्याकाथन, कार्यशाला, र बुटक्याम्पहरूमा सहभागी गराएर उनीहरूको व्यावहारिक सीपहरू विकास गर्ने अवसर उपलब्ध गराउनेछ। पोखरा इन्टरनेट प्रा. लि. ले यी कार्यक्रमहरूमा भरपर्दो इन्टरनेट कनेक्टिविटी प्रदान गर्ने र कोड फर चेन्ज पोखरासँग आबद्ध विद्यार्थीहरूलाई इन्टर्नशिप तथा रोजगारका अवसरहरू उपलब्ध गराउने इन्टरनेटका मार्केटिङ अफिसर बास्तोलाले बताए।

साझेदारीले पोखरा क्षेत्रका आईटी विद्यार्थीहरूको शैक्षिक अनुभवलाई मात्र सशक्त बनाउने छैन, बरु यस क्षेत्रको प्रविधि विकास र समुदायको प्रगतिको लागि साझा प्रतिबद्धतालाई पनि उजागर गर्नेछ। दुवै संस्थाहरूले सँगै मिलेर काम गर्ने र पोखरामा आईटीको नयाँ पुस्तालाई तयार गर्ने लक्ष्य राखेका बास्तोलाले खुलाए।

कोड फर चेन्ज पोखराले अघिल्लो वर्षहरूमा ह्याकाथन, कार्यशाला, र तालिमहरू जस्ता विभिन्न कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन गरिसकेको छ, र अब पोखरा इन्टरनेट प्रा. लि. को सहकार्यले ती कार्यक्रमहरूलाई अझ व्यापक र प्रभावकारी बनाउने कोड फर चेन्जका दर्शन केसीले उल्लेख गरे । साझेदारीले विद्यार्थीहरूलाई मात्र नभई, समुदायलाई पनि सशक्त बनाउन भूमिका खेल्नेछ। आईटीको नयाँ पुस्तालाई तयार गर्ने उद्देश्यले गरिएको यो सहकार्यले समुदायलाई प्रविधिमा आधारित समाधानहरू प्रदान गर्न र डिजिटल साक्षरतामा योगदान पुर्‍याउनेछ । यसले पोखरालाई प्रविधि र नवप्रवर्तनको क्षेत्रीय केन्द्रको रूपमा स्थापित गर्न सहयोग पुर्‍याउनेछ। दुवै संस्थाहरूले प्रविधिमा आधारित समाज निर्माण गर्ने साझा लक्ष्य राखेर यो समझदारी गरेका छन्, जसले भविष्यमा अझ बढी सहयोग र साझेदारीका लागि मार्ग प्रशस्त गर्ने विश्वास गरिएको छ।

# पृथ्वी राजमार्ग विस्तार : पश्चिम सडकमा पाँच पुल निर्माण

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ साउन

मुग्लिन-पोखरा सडक विस्तार कार्यअन्तर्गत पश्चिम खण्डमा निर्माणधीन १३ पुलमध्ये पाँच पुलको निर्माण कार्य सम्पन्न भएको छ । यस पश्चिम खण्डमा रहेको ३८ दशमलव ८८ किमी सडकअन्तर्गत उक्त पुल निर्माण गरिएका हुन् । पश्चिम खण्डका इन्जिनियर नारायण पौडेलका अनुसार आठ पुलका गाडी गुड्ने संरचनाको निर्माण भइसकेको छ।

उहाँका अनुसार गत वर्ष नौ प्रतिशत भौतिक प्रगतिमा सीमित रहेको यस खण्डमा अहिले २८ प्रतिशत प्रगति पुगेको छ । उहाँले भन्नुभयो, "गत वर्षको तुलनामा यस वर्ष निर्माण कार्यले गति लिएको छ।" यस खण्डमा चार र छ लेनको सडक निर्माण गरिनेछ। सडकको बीच भागबाट दायाँबायाँ २५/२५ मिटर दूरी कायम गरी सडक विस्तार कार्य गरिएको छ। त्यसअनुरुप दुई लेनमा २० किमी सडक कालोपत्र गरिसकिएको आयोजनाले जनाएको छ।

पश्चिम खण्ड विस्तारका लागि २०७८ भदौमा सम्झौता गरिएको थियो । यो खण्डको काम २०८१ भदौसम्म सम्पन्न गर्नुपर्ने सम्झौता रहेको छ। सम्झौता अवधि सकिन अब एक महिना मात्रै बाँकी रहेको छ । निर्माण कार्य ढिलो गरी सुरु गरिएको र कोरोनाका कारण निर्माण कार्य प्रभावित हुँदा सोचेअनुरुप प्रगति हासिल गर्न नसकिएको इन्जिनियर पौडेलले बताउनुभयो। उहाँका अनुसार यस खण्डमा निर्माणको ठेक्का चिनियाँ कम्पनी यनहुइकाइयुयान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सनले पाएको छ । सडक निर्माणमा एसियाली विकास बैङ्कको ऋण सहयोग रहेको छ । यस खण्डका लागि रु सात अर्ब ४० करोड ४६ लाख रकम रहेको छ। वर्षायामको अवधिभर कालोपत्र कार्य रोकी नाला, पर्खाल निर्माणलगायत कार्यलाई प्राथमिकता दिइएको छ । उहाँले भन्नुभयो, "विद्युत्का खम्बा र खानेपानीका पाइप हटाउन समस्या भएका कारण सडक विस्तारका कार्य प्रभावित हुने गरेको छ।"

# अन्नपूर्ण गाउँपालिकामा तीन दिनदेखि विद्युत् अवरुद्ध

**पोखरापत्र संवाददाता**
म्याग्दी, २८ साउन

यहाँको अन्नपूर्ण गाउँपालिकामा तीन दिनदेखि विद्युत् आपूर्ति अवरुद्ध भएको छ।

अन्नपूर्ण गाउँपालिका-६ धिरच्याङमा कालीगण्डकीले शनिबार राति ३२/११ केभी क्षमताको प्रशारण लाइनका तीन वटा पोल र तार बगाएपछि गाउँपालिका विद्युत्विहीन बनेको हो । अन्नपूर्ण गाउँपालिका-२ कटुञ्जेको भिरबाट खसेको पहिरोले कालीगण्डकीमा छाल उठ्दा २० मिटर माथि रहेको एउटा कृषि फार्म र विद्युत्को प्रशारण लाइनका पोल, तारमा क्षति पुगेको थियो । अन्नपूर्ण गाउँपालिका-६ का वडा अध्यक्ष रामबहादुर खड्काले विद्युत् अभावमा गाउँपालिकाको सेवा प्रवाह, मोबाईल, इन्टरनेट सेवा प्रभावित बनेको बताउनुभयो। विद्यालयमा कम्प्युटर विषयका पठनपाठन सञ्चालन हुन सकेको छैन् । मोबाइलको टावरले काम गर्न छाडेको घोडेपानीका होटल व्यवसायी वीरेन गर्बुजा पुनले बताउनुभयो । विद्युत् आपूर्ति अवरुद्ध हुँदा अन्नपूर्ण गाउँपालिकाको दोवा, भुरुङ तातोपानी, दाना, नारच्याङ, शिख, पाउद्वार, घार, हिस्तान, राम्चेका तीन हजार दुई सयभन्दा बढी घरधुरी अन्धकार भएका छन् ।

नेपाल विद्युत् प्राधिकरणको म्याग्दी बितरण केन्द्रका सूचना अधिकारी प्रकाश झाले नयाँ पोल राख्न प्रस्ताव गरिएको ठाउँका जग्गाधनीको विरोधका कारण लाइन मर्मतमा ढिलाई भएको जानकारी दिनुभयो। गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनको अगुवाईमा विवाद समाधान गरी सोमबार दिउँसोदेखि पोल गाड्न र तार तान्न थालिएको उहाँले बताउनुभयो।

# बाढीपहिरो लगायतका विपद्मा परी एक सय ७३ को मृत्यु

**रासस**
काठमाडौं, २८ साउन

अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा गएको बाढीपहिरो लगायतका विपद्मा परी सोमबारसाउन २८ गते दिउँसोसम्म एक सय ७३ जनाको मृत्यु भएको छ।

बाढीपहिरो लगायतका विपद्मा परी काठमाडौं उपत्यकामा तीन जना, कोशी प्रदेशमा २६ जना, मधेस प्रदेशमा सात जना, बागमती प्रदेशमा ३१ जना, गण्डकी प्रदेशमा ५४ जना, लुम्बिनी प्रदेशमा ३३ जना, कर्णाली प्रदेशमा आठ जना र सुदूरपश्चिम प्रदेशमा ११ जना गरी एक सय ७३ जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार काठमाडौं उपत्यकामा ११ जना, कोशी प्रदेशमा ३७ जना, मधेस प्रदेशमा ११ जना, बागमती प्रदेशमा २३ जना, गण्डकी प्रदेशमा ४६ जना, लुम्बिनी प्रदेशमा १३ जना, कर्णाली प्रदेशमा ५४ जना र सुदूरपशचिम प्रदेशमा २८ जना गरी जम्मा दुई सय २३ जना घाइते भएका छन्।

यसैगरी बाढीपहिराका कारण काठमाडौं उपत्यकामा २८ जना, कोशी प्रदेशमा ४९ जना, बागमती प्रदेशमा १२ जना, गण्डकी प्रदेशमा १४ जना, लुम्बिनी प्रदेशमा तीन जना, कर्णाली प्रदेशमा दुई जना र सुदूरपशचिम प्रदेशमा पाँच जना गरी एक सय १३ जनाको उद्धार गरिएको छ। कार्कीले भन्नुभयो, "बाढीपहिरामा परी कोशी प्रदेशमा दुई जना, बागमती प्रदेशमा ४१ जना, गण्डकी प्रदेशमा दुई जना, लुम्बिनी प्रदेशमा एक जना, कर्णाली प्रदेशमा एक जना र सुदूरपश्चिम प्रदेशमा एक जना गरी ४८ जना बेपत्ता भएका छन्। बेपत्ताको खोजी कार्य जारी छ।"

बाढीको कारण जम्मा तीन सय ८४ घर डुबानमा परेका छन्। दुई सय ७५ वटा घर, एक सय चार वटा गोठ, ४३ वटा पुल, दुई वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुगेको प्रहरीले जनाएको छ । बाढीपहिराबाट आठ सय १२ वटा पशुचौपाया मरेका छन्। उक्त अवधिमा विपद्का घटनाबाट चार हजार तीन सय २२ घर परिवार विस्थापित भएका प्रवक्ता कार्कीले जानकारी दिनुभयो।

# जङ्गलमा गाडिएको अवस्थामा मानव कङ्काल फेला

**रासस**
म्याग्दी, २८ साउन

बेनी नगरपालिका-९ आङ्खखेत कालीमुलको जङ्गलमा गाडिएको अवस्थामा मानव कङ्काल फेला परेको छ।

शव गाडिएको ठाउँ नजिकै एक तोलाको सुनको सिक्री, कपडा र चप्पलसमेत भेटिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । गङ्गटा खोज्न गएका स्थानीयले आइतबार दिउँसो कपडा र नजिकै शव गाडेको ठाउँ देखेपछि प्रहरी तथा जनप्रतिनिधिलाई खबर गरेका थिए । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक भरत श्रेष्ठले कङ्काल, गहना र कपडालाई परीक्षणका लागि विधि विज्ञान प्रयोगशालामा पठाउन लागिएको बताउनुभयो । "घटनास्थलबाट उत्खनन गरेको मानव कङ्काल र भेटिएका सामग्रीलाई सोमबार नै परीक्षणका लागि पठाउँछौं", उहाँले भन्नुभयो, "अनुसन्धानको कामलाई पनि सँगसँगै अघि बढाएका छौं । कङ्काल र सामग्रीको पहिचानसँगै अन्य तथ्य, प्रमाणहरूको खोजीमा केन्द्रित भएका छौं।" विसं २०८० पुस १६ गते राति घरबाट बेपत्ता भएकी बेनी नगरपालिका-९ घतानकी १९ वर्षीय मीना परियार भेटिएकी छैनन् । घटनास्थलमा पुगेका मीनाका आफन्तले गहना र कपडा मीनाकै भएको दाबी गरेका छन् । मीनाको हत्यापछि जङ्गलमा शव गाडिएको हुनसक्ने आफन्तहरूको भनाइ छ।


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८१/०४/२७

यस कार्यालयबाट मिति २०५६/०४/१० मा कास्की जिल्ला पोखरा ०६ कास्कीमा संचालन गर्ने गरि पोखरा ०६ कास्की निवासी जगमान थकाली ज्वारचनको नाउँमा दर्ता भएको फर्म दर्ता नं. ३३६१/०५६/०५७ को होटल हङकङ नामक प्राईभेट फर्मको प्रोप्राईटरको मिति २०८१/०१/०१ मा मृत्यु भएको हुँदा निजको श्रीमती पोखरा ०६ कास्की निवासी विममाया थकाली ज्वारचनले मिति २०८१/०४/२८ मा फर्म नामसारी गरीपाँउ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुंदा यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सुचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म विममाया थकाली ज्वारचनको निवेदन अनुसार नामसारी भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**


# बागलुङमा आलु र सुन्तला प्रवर्द्धन कार्यक्रम प्राथमिकतामा

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ साउन

जिल्लास्थित कृषि ज्ञान केन्द्रले चालु आर्थिक वर्षमा आलु र सुन्तला प्रवर्द्धन कार्यक्रमलाई प्राथमिकतामा राखेको छ । गत आवमा उक्त कार्यक्रम सफल भएपछि जिल्लामा आलु उत्पादन बढाउन यस वर्ष पनि आलुखेतीलाई प्राथमिकता दिएर बजेट विनियोजन गरेको हो।

चालु आवको कुल बजेटको ३५ प्रतिशत आलुको उत्पादन, प्रशोधन, बजार व्यवस्थापनलगायत क्षेत्रमा विनियोजन गरिएको केन्द्रका प्रमुख राजेश्वर सिलवालले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त कार्यक्रमका लागि रु एक करोड ४९ लाख बजेट विनियोजन भएको छ। समुदायस्तरमा प्रशोधनयोग्य खायन आलु प्रवर्द्धन आयोजनाअन्तर्गत सिँचाइ पूर्वाधार सहयोग, यन्त्रिकीकरण, बाली कटानी, प्याकेजिङ तथा बजारीकरण, बीउ उत्पादनमा सहयोग र बीमा शुल्कमा अनुदानलगायत कार्यक्रम ल्याइएको प्रमुख सिलवालले बताउनुभयो । आलु प्रवर्द्धन कार्यक्रमले उत्पादन र खेतीको क्षेत्रफल वृद्धि हुने अपेक्षा गरिएको उहाँको भनाइ छ।

केन्द्रले आलुपछि सुन्तलालाई प्राथमिकता दिएर बजेट ल्याएको छ । सुन्तला जातको फलफूल विकास आयोजनाका लागि रु ९३ लाख बजेट विनियोजन गरेको छ । सुन्तला किसानलाई तालिम, बाली कटानी, यन्त्रिकीकरण, सिँचाइ व्यवस्थापन, नयाँ बगैँचा विस्तार र पुरानाको सुधार तथा बीमालगायत कार्यक्रम गरिने प्रमुख सिलवालले जानकारी दिनुभयो । "केन्द्रले आलु र सुन्तलालाई बढी प्राथमिकतमा राखेको छ, गत वर्ष आलुखेती विस्तार भएको थियो", उहाँले भन्नुभयो, "जिल्लामा आलु र सुन्तलाको सम्भावना बढी हुनाका साथै आम्दानी पनि बढी हुने भएकाले किसानलाई प्रोत्साहन गर्न कार्यक्रमलाई निरन्तरता दिएका छौं।" उहाँका अनुसार एक वर्षमा रु २० करोडको सुन्तला निर्यात भएको छभने गत वर्ष दुई हजार सात सय रोपनी क्षेत्रफलमा आलुखेती गरिएको थियो।

कृषि ज्ञान केन्द्रका अनुसार खाद्यान्न बाली प्रवर्द्धनअन्तर्गत रु ३७ लाख ४० हजार बजेट विनियोजन गरिएको छ । मसला तथा निर्यातयोग्य बालीतर्फ रु आठ लाख, स्थानीय बालीतर्फ रु १४ लाख, जलवायुमैत्री प्रविधि प्रवर्द्धन गर्न रु १० लाख, पोषण सुरक्षा कार्यक्रमअन्तर्गत रु चार लाख बजेट विनियोजन गरिएको केन्द्रका प्रमुख सिलवालले जानकारी दिनुभयो।

# पर्वतमा सुरक्षित गर्भपतन सेवा लिने बढे

**पोखरापत्र संवाददाता**
पर्वत, २८ साउन

यहाँ सुरक्षित गर्भपतन सेवा लिनेको सङ्ख्यामा वृद्धि भएको छ । सुरक्षित गर्भपतन सेवा भएका सरकारी तथा सूचिकृत स्वास्थ्य संस्थाबाट गत आर्थिक वर्ष २०८०/८१ मा करिव एक हजार तीन सय जनाले गर्भपतन सेवा लिएका थिए ।

जिल्ला स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत अञ्जली पिसीका अनुसार सरकारी स्वास्थ्य सस्थाबाट मात्र नौ सय सातजनाले गर्भपतन सेवा लिएका थिए । यसैगरी जिल्ला सदरमुकाम कुश्मामा रहेको मेरी स्वास्थ्य सेवा क्लिनिका प्रमुख फूलमाया सापकोटाका अनुसार गत आवमा तीन सय ९० जनाले गर्भपतन सेवा लिएका थिए । जनस्वास्थ्य अधिकृत पिसीका अनुसार सोही आवमा सरकारी स्वास्थ्य संस्थामा छ सय २२ सुत्केरी भएका थिए । ती मध्ये दक्ष प्रसूतिकर्मीबाट तीन सय ९१, दक्ष स्वास्थ्यकर्मीबाट एक सय ३२, अन्य स्वास्थ्यकर्मीबाट ९१ र घरमा तथा स्वास्थ्यचौकी जाँदै गर्दा बाटोमा गरी आठजना सुत्केरी भएका थिए ।

सोही अवधिमा औषधि सेवन गरेर सात सय छजनाले र सामान्य शल्यक्रियामार्फत दुई सय एक जनाले सरकारी स्वास्थ्य संस्था र दुवै विधिवाट गरी मेरी स्वास्थ्य सेवा क्लिनिकबाट तीन सय ९० जनाले सुरक्षित गर्भपतन सेवा लिएका थिए ।

असूचिकृत स्वास्थ्य सस्थाबाट असुरक्षित गर्भपतन कति जनाले गराए भन्ने एकीन जानकारी छैन । पर्वत अस्पतालको तथ्याङ्कानुसार गर्भवती भएपछि पहिलोपटक परीक्षण गर्न स्वास्थ्य संस्थामा पुगेका महिलाको सङ्ख्या गत आवमा एक हजार एक सय १८ छ । असुरक्षित यौन सम्पर्कबाट गर्भ रहनुजस्ता कारणले गर्भपतन सेवा लिनेको सङ्ख्यामा वृद्धि भइरहेको स्वास्थ्य कार्यालयका प्रमुख प्रवीण शर्माले बताउनुभयो । उहाँले भन्नुभयो, "अनिच्छित गर्भ बस्न नदिन नै गर्भपतन सेवा आवश्यक पर्छ । कम उमेरमा हुने विवाह, दुई-तीन बच्चा भइसक्दा पनि अस्थायी साधनको प्रयोग नगर्दा अनिच्छित गर्भ रहने जोखिम हुन्छ । "

औषधि पसलबाट आफ्नै तरिकाले असूचिकृत औषधि सेवन गर्ने, असूचिकृत स्वास्थ्य सस्थामा आफ्नै तरिकाले गोप्य रूपमा 'सर्जिकल एबोर्सन' गराउने, यसबाट केही समस्या आएका मात्र सरकारी स्वास्थ्य सस्थामा आउने, पहिचान लुकाउनका लागि जिल्ला बाहिरका स्वास्थ्य संस्थामा गर्भपतन गराउने प्रवृत्तिले असुरक्षित गर्भपतन जोखिम बढाएको कार्यालय प्रमुख शर्माले बताउनुभयो ।

यसैगरी सूचीकृत स्वास्थ्य संस्थाबाट गर्भपतन सेवा लिनेको सङ्ख्या गण्डकी प्रदेशमा वृद्धि हुँदै गएको छ । सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालयका अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा प्रदेशअन्तर्गतका ११ जिल्लाको दुई सय ५३ स्वास्थ्य संस्था गर्भपतन सेवाका लागि सूचीकृत भएका थिए । निर्देशनालयका अस्पताल नर्सिङ प्रशासक अञ्जु पौडलका अनुसार गत आवमा १२ हजार एक सय ६७ जनाले सुरक्षित गर्भपतन सेवा लिए थिए। यसरी सेवा लिनेमध्ये २० वर्षभन्दा कम उमेरका पाँच सय ७३ थिए। पोखरा महानगरपालिकाभित्र गत आवमा एक हजार पाँच सय १७ ले सुरक्षित गर्भपत सेवा लिएका थिए। विसं २०५९ मा सुरक्षित गर्भपतन सेवालाई कानुनी मान्यता दिइएको थियो भने २०७३ देखि सबै सूचीकृत स्वास्थ्य संस्थामा सुरक्षित गर्भपतन सेवालाई निःशुल्क गरिएको थियो । सरकारले आधारभूत स्वास्थ्य सेवाका रूपमा सुरक्षित गर्भपतन सेवालाई लिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, परिवार कल्याण महाशाखाका अनुसार ४३ प्रतिशतले मात्र सूचीकृत स्वास्थ्य संस्थाबाट गर्भपतन सेवा लिने गरेका छन् । अर्थात् असुरक्षित गर्भपतन गराउनेको सङ्ख्या ५७ प्रतिशत छ । असुरक्षित गर्भपतनले महिलाको समग्र स्वास्थ्यमा गम्भीर असर पुग्ने बताइएको छ।

अर्कोतर्फ सुरक्षित गर्भपतन सेवा निःशुल्क पाइन्छ भन्ने सेवाग्राहीलाई जानकारी नै छैन । सुनौलो परिवार नेपालका कार्यकारी निर्देशक डा केपी उपाध्याय सेवाग्राहीलाई सुरक्षित गर्भपतन सेवा निःशुल्क छ भन्ने जानकारी नहुँदा असुरक्षित गर्भपतनको सङ्ख्या वृद्धि भएको हुनसक्ने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, " अझै अनधिकृत औषधिबाट गर्भपतन गराउनेक्रम रोकिएको छैन । अनधिकृत औषधिले महिलाको ज्यान नै खतरामा पर्छ, यसतर्फ सरकार थप गम्भीर बन्नुपर्छ । "

सुरक्षित मातृत्व तथा स्वास्थ्य अधिकारसम्बन्धी ऐन २०७५ अनुसार गर्भवतीको अवस्थाअनुसार १२ देखि २८ हप्तासम्मको गर्भपतन गराउन सकिन्छ । गर्भवतीको मञ्जुरीमा १२ हप्तासम्म जस्तो प्रकारको गर्भ पनि पतन गराउन सकिन्छ । गर्भपतन नगराएमा गर्भवतीको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ, जबर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भलाई गर्भवतीको मञ्जुरीले २८ हप्तासम्मको गर्भपतन गराउन पाइन्छ। यसैगरी, रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जीवाणु (एचआइभी) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेको महिलाको मञ्जुरीमा २८ हप्तासम्मको गर्भ, वंशाणुगत (जेनेटिक) खराबी वा अन्य कुनै कारणले अशक्तता हुने अवस्था रहे उपचारमा संलग्न स्वास्थ्यकर्मीको रायबमोजिम गर्भवतीले सुरक्षित गर्भपतन गर्न पाउने व्यवस्था रहेको छ। गर्भवतीको मञ्जुरी बिना कुनै करकाप, धम्की, ललाइफकाइ, झुक्याइ वा प्रलोभन देखाई, लिङ्ग पहिचान गरी लिङ्गका आधारमा गर्भपतन गर्न नपाउने व्यवस्था ऐनमा छ।

# साउनको अन्तिम सोमबार देशभरका शिवालयमा भक्तजनको घुइँचो

**रासस**
काठमाडौं, २८ साउन

साउनको अन्तिम सोमबारपशुपतिनाथमन्दिरसहित देशभरका शिवालयमा बिहानैदेखि भक्तजनको घुइँचो लागेको छ।

साउन महिनाको हरेक सोमबार व्रत बसेर शिवको पूजा गर्दै आएका भक्तजनले आज विधिपूर्वक व्रत समाप्त गर्दैछन् । साउनको सोमबारलाई भगवान् शिवको प्रिय बार मानिने भएकाले यस दिन व्रत बसेर पूजापाठ र दान गर्दा सुख प्राप्त हुनाका साथै परिवारमा शान्ति प्राप्त हुने धार्मिक विश्वास रहेको छ। काठमाडौँ उपत्यकामा पशुपतिनाथसहित, गोकर्णेश्वर, सन्तानेश्वर,डोलेश्वर,किरातेश्वर,भालेश्वरसहित, काभ्रेपलाञ्चोकको साँगा, तनहुँको देवघाट, म्याग्दीको गलेश्वरलगायत शिवालयमा भक्तजनको बिहानदेखि घुइँचो लागेको छ । देवघाटमा ५० हजार भक्तजन आउने

तनहुँको धार्मिक तीर्थस्थल देवघाटमा आज बोलबम मेला भर्न करिब ५० हजार भक्तजन आउने अनुमान गरिएको देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशक सदन बरालले जानकारी दिनुभयो । तेस्रो सोमबार ३५ हजार, पहिलो र दोस्रो सोमबार २५/२५ भक्तजन आएका उहाँले बताउनुभयो । चितवन, तनहुँ र नवलपुरको सङ्गमस्थलमा रहेको देवघाटमा हरेक वर्ष साउनको सोमबार उत्सवका रूपमा मनाइने बोलबम मेलामा स्वदेश तथा विदेशबाट हजारौँ भक्तजन आउने गरेका निर्देशक बरालले उल्लेख गर्नुभयो। मेलामा स्नान गर्न आउने भक्तजनको सुरक्षाका लागि तनहुँ र चितवनतर्फ सुरक्षा सतर्कता बढाइएको देवघाट क्षेत्र विकास समितिले जनाएको छ।



सप्तरीका शिवालयमा व्रतालुको घुइँचो

सप्तरीमा रहेका शिव मन्दिरमा आज बिहानदेखि भक्तजनको घुइँचो लागेको छ। विशेष गरी साउनको सोमबार व्रत बसेर आज समापन गर्नेहरूको घुइँचो लागेको स्थानीय रामनाथ यादवले बताउनुभयो।

साउनमा शिवजीको व्रत बस्नाले पारिवारिक सुख, समृद्धि, विद्या, धनलगायत शान्ति प्राप्त हुने विश्वास वैदिक शास्त्रमा उल्लेख गरिएकाले यहाँका शिव मन्दिरमा भक्तजनको घुइँचो लागेको उहाँले उल्लेख गर्नुभयो।

जिल्लाको राजविराज नगरपालिकास्थित हरिनन्देश्वर, महादेवा गाउँपालिकाको अकुरी, हनुमानगर कङ्कालिनी नगरपालिका-२ स्थित महादेव, शम्भुनाथ नगरपालिकास्थित शम्भुनाथ महादेवको मन्दिर तथा जिल्लाको वीरेन्द्र बजारबाट उत्तर चुरे पहाडमा अवस्थित शनिशिव धाममा भक्तजनको घुइँचो लागेको छ।

सिद्धेश्वर शिवालयमा वैदिक विधिपूर्वक विशेष गरिँदै

अर्घाखाँचीको भक्तिटोला चुत्राबेँसीस्थित सिद्धेश्वर शिवालयमा साउनको अन्तिम सोमबार आज बिहानैदेखि वैदिक विधिपूर्वक विशेष पूजाआजा भइरहेको छ। रुद्री तथा शिवजीको विशेष पूजामा सहभागी हुन जिल्लाका विभिन्न स्थानबाट आएका भक्तजनको मन्दिर परिसरमा घुइँचो लागेको मन्दिरका पुजारी पण्डित सुमन्तप्रसाद पोखेलले बताउनुभयो।

ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्व बोकेको सिद्धेश्वर शिवालय मन्दिरमा स्फटिकको शिवलिङ्ग स्थापना गरी दैनिक वैदिक विधिपूर्वक पूजाआजा गरिँदै आइएको बताउँदै आज समापन गरिने मन्दिरका संरक्षक नारायणप्रसाद खनालले बताउनुभयो।

गलेश्वर शिवालयमा एक महिनामा एक लाखले दर्शन गरे

म्याग्दीको बेनी नगरपालिका-९ मा अवस्थित प्रसिद्ध धार्मिकस्थल गलेश्वर शिवालयमा साउन महिनामा मात्रै एक लाख बढी भक्तजनले दर्शन तथा पूजाआजा गरेका छन् । भगवान् शिवको पूजाआराधनाका लागि उत्तम मानिने साउने सोमबारमा गलेश्वर शिवालयमा म्याग्दीका साथै, पर्वत, बागलुङ, कास्की, तनहुँ, गोरर्खा, चितवन, बुटवल, भैरवा, काठमाडौँलगायत ठाउँबाट उल्लेख्य मात्रामा भक्तजनक आएका गलेश्वर शिवालय क्षेत्र विकास कोषले जनाएको छ। साउनको चारवटै सोमबार भक्तजनको सुरक्षाका लागि सुरक्षाकर्मी र स्वयंसेवक परिचालन गरेर लाइन व्यवस्थित गरी सहज पूजा गर्ने वातावरण मिलाइएको कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले जानकारी दिनुभयो । बेनी-जोमसोम कोरला सडक हुँदै मुक्तिनाथ दर्शन गर्न हिँडेका भारतीय धार्मिक पर्यटकले समेत गलेश्वरको दर्शन गरेका उहाँले बताउनुभयो। गत वर्ष मन्दिरमा पूजाआजा र दर्शन गर्न आएका भक्तजनले चढाएको भेटीबाट रु ५८ लाख ४० हजार पाँच सय १० आम्दानी भएको कोषका सदस्यसचिव बलबहादुर खत्रीले जानकारी दिनुभयो । उहाँका अनुसार यस वर्षको साउन तेस्रो सोमबारसम्म गलेश्वर शिवलायमा रु १० लाख ७४ हजार सात सय ४७ भेटी सङ्कलन भएको छ। कालीगण्डकी नदी किनारको नौ रोपनी क्षेत्रफलमा फैलिएको विशाल चट्टानमाथि अवस्थित गलेश्वर शिवालय क्षेत्र हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको साझा तीर्थस्थल मुक्तिनाथको प्रवेशद्वार मानिन्छ।

# बिटी क्लवको रक्तदानमा १ सय ४ युनिट संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, २८ साउन



पोखरामा क्रियाशिल बुद्ध टोल युवा क्लव (बिटी) ले अन्तर िष्ट्रिय युवा दिवसको अवसरमा आयोजना गरेको रत्तदानमा १ सय ४ युनिट संकलन भएको छ।

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा बुद्ध टोल युवा क्लबले आयोजना गरेको खुल्ला रक्तदानमा १ सय ४ जनाले रक्तदान गरेको क्लबका अध्यक्ष अशिम थापाले जानकारी दिए।

बिटी क्लबले अब हरेक वर्ष खुला रक्तदानको आयोजना गर्ने उनले बताए। पोखरा महानगरपालिका-१ टुडिखेलमा आयोजना गरिएको खुल्ला रक्तदान कार्यक्रमलाई निरन्तरता दिँदै जाने क्लबका सचिव रेशम सापकोटाले बताए। उनका अनुसार क्लबका सदस्यहरु, पोखरा महानगरपालिका १ बगरका स्थानीय तथा भर्ती प्रशिक्षण केन्द्रका प्रशिक्षार्थी लगायतले रक्तदान गरेका थिए। कार्यक्रमका प्रमुख अतिथि पोखरा १ का वडाध्यक्ष शाहरा प्रधानले सामाजिक कार्यलाई निरन्तरता दिन आग्रह गरे। उनले क्लबको सकारात्मक र रचनात्मक कार्यमा वडा कार्यालय सधै सहयोग गर्न तत्पर रहेको धारणा राखेका थिए। क्लबले पहिलो पटक आयोजना गरेको रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्की शाखाद्धारा सञ्चालित प्रादेशिक रक्तसञ्चार सेवा, पोखराले प्राविधिक सहयोग गरेको थियो । खेलकुदको क्षेत्रमा सेभेन ए साइड फुटबल प्रतियोगिता गर्दै आएको क्लबले सामाजिक क्षेत्रमासमेत काम गर्दै आएको छ।

# दशौँ राष्ट्रिय खेलकुद : तनहुँमा खेलाडी दर्ता तथा पहिचान

**पोखरापत्र संवाददाता**
दमौली, २८ साउन

दशौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडी दर्ता तथा पहिचान गरिने भएको छ । आगामी मङ्सिर २ गतेदेखि ९ गतेसम्म कर्णाली प्रदेशमा हुने दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि तनहुँमा खेलाडी दर्ता तथा पहिचान गर्न लागिएको हो।

जिल्लामा दर्ता तथा पहिचान भएका खेलाडीलाई गण्डकी प्रदेशस्तरीय छनोट खेलमा सहभागी हुन पठाइने तनहुँ जिल्ला खेलकुद विकास समितिका अध्यक्ष अनिल पाण्डेले जानकारी दिनुभयो। उहाँका अनुसार भदौ ७ गतेभित्र जिल्ला खेलकुद विकास समितिमा आएर खेलाडीले नाम दर्ता गराउनुपर्नेछ।

उहाँले भन्नुभयो, "आठौँ र नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी भएका, पदक प्राप्त गरेका, विगत दुई/तीन वर्षभित्र नेपालकोतर्फबाट अन्तर्राष्ट्रिय खेलकुदमा सहभागी जनाएका खेलाडी तथा नवप्रतिभावान खेलाडीको खोजीगरी दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी गर्न जिल्लामा खेलाडी दर्ता आह्वान गरेका हौँ ।" कार्यालयले फुटबल, भलिबल, क्रिकेट, बास्केटबल, ब्याडमिन्टन, बक्सिङ, रग्बी, शारीरिक सुगठन, भारत्तोलन, टेबलटेनिस, आर्चरी, बुद्धिचाल, ह्याण्डबल, कुस्ती, प्याराग्लाइडिङ, साइक्लिङ, गल्फ, कबड्डी, तेक्वान्दो, आइटिएफ तेक्वान्दो, उसु, जिम्न्यास्टिक्स, लनटेनिस, स्क्वास, जुडो, हक्की, एथलेटिक्स, फेन्सिङ, सुटिङ, पौडी, सफ्ट टेनिस, खोखो, कराँते, फुल कन्ट्याक्ट कराँते, सेपाकताको र ट्राइयाथलन खेलका लागि खेलाडी दर्ता आह्वान गरेको छ।

# लमजुङमा रुखले किचेर एकको मृत्यु

**रासस**
लमजुङ, २८ साउन

लमजुङमा रुख ढलेर किच्दा एक महिलाको मृत्यु भएको छ। आज साँझ ५ बजे सुन्दरबजार नगरपालिका-१ कुन्छाका ८२ वर्षीय लीलादेवी मिश्रको रुखले किचेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयलले जनाएको छ।

प्रहरी निरीक्षक थानेश्वर चपाईंले मृतक मिश्र घरदेखि एक सय मिटर दूरीमा रहेको कुवामा पानी भर्न जाने क्रममा रुख ढलेर किच्दा घटनास्थलमै मृत्यु भएको हो । कुवाभन्दा अन्दाजी १० मिटरमाथि रहेको काब्रोको रुख एक्कासी ढल्दा मिश्रको घटनास्थलमै मृत्यु भएको उहाँको भनाइ छ। पानी परिरहेकाले जमिन भासिँदा रुख ढलेको हुनसक्ने अनुमान प्रहरीले गरेको छ । प्रहरी घटनास्थलमा पुगेर मुचुल्का उठाएको छ । प्रहरी निरीक्षक चपाईंका अनुसार शव परीक्षण गर्न बेंसीसहर नगरपालिका-८ स्थित जिल्ला अस्पताल ल्याइँदै छ। मृतक मिश्रकी श्रीमान् र तीन छोरा बुहारी रहे पनि घरमा श्रीमान् मात्रै बस्दै आएको प्रहरीले जनाएको छ।


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८१/०४/२८

यस कार्यालयबाट मिति २०७९/०४/२२ मा कास्की जिल्ला पोखरा १९ कास्की मा संचालन गर्ने गरि टिकुलीगढ ०८ रुपन्देही निवासी जुनमाया बुढाको नाउँमा दर्ता भएको फर्म दर्ता नं. २२७३७/०७९/०८० (४०५२) को बाजे बज्यै कृषि तथा पशुपालन फर्म नामक प्राईभेट फर्म मिति २०८१/०४/२८ मा बन्द गरी पाँउ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवम् कुनैपनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्याद भित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**



**भारतीय राजदूतावास**
**पेन्सन वितरण कार्यालय, पोखरा**

**आवश्यकता (Vacancy)**

१.भारतीय राजदूतावास, पेन्सन वितरण कार्यालय पोखरामा, निम्न लिखित पदको पद पूर्ति गर्नुपर्ने भएकोले तल उल्लेखित कागजपत्रहरुको साथ दिनांक 16 Aug 2024 तदानुसार ३२ श्रावण २०८१ को बेलुका १७:३० बजे भित्र पेन्सन वितरण कार्यालय रामबजार पोखराको प्रशासन शाखामा सम्पर्क गर्नुहोला :-

पद : सेक्यूरिटी गार्ड (०१) जना
मासिक तलव : रु ३९,५२०/-

२. भूपू सैनिकहरुको हकमा :-
(क) ४५ वर्ष ननाघेको हुनुपर्नेछ।
(ख) न्यूनतम योग्यता अनिवार्य रुपमा दस (Ten$^{th}$) पास भएको हुनुपर्नेछ।
(ग) डिस्चार्ज सर्टिफिकेटमा (Shape–I र Exemplary Character) भएको हुनुपर्नेछ।
(घ) निवेदन, बायोडाटा, नागरिकताको प्रमाण पत्र, अनुभव तथा शैनिक प्रमाण पत्र, पेन्सन पट्टा, डिस्चार्ज सर्टिफिकेट, र मेडिकल फिटनेस सर्टिफिकेट।

३. अन्यको हकमा :-
(क) १८ देखि ३० वर्ष ननाघेको हुनुपर्नेछ।
(ख) यूनतम योग्यता अनिवार्य रुपमा दस (Ten$^{th}$) पास भएको हुनुपर्नेछ।
(ग) निवेदन, बायोडाटा, नागरिकताको प्रमाण पत्र, अनुभवको प्रमाण पत्र भएमा।
(घ) मेडिकल फिटनेस सर्टिफिकेट।

४. प्राप्त निवेदन र कागजपत्रको आधारमा छनौट भएका उम्मेदवारलाई मात्र लिखीत तथा अन्तरर्वाताको निम्ती टेलिफोन मार्फत जानकारी गराईनेछ।

सम्पर्क नं. : ०६१-४३५८०४
०६१-४३५८०५

भारतीय राजदुतावास
पेन्सन वितरण कार्यालय,
पोखरा।